# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५नं. प्रदेश, नेपाल


प.सं.: ०७७/०७८/प्रशासन
च.नं.:

मिति २०७७/०५/१५ गते ।

## तिलोत्तमा नगरपालिकाको बैंक, सहकारी, लघुवित्त लगायत वित्तीय संस्थाहरुको सम्बन्धमा अत्यन्त जरुरी सूचना ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को संक्रमण यस नगर क्षेत्रभित्र समेत समुदायस्तरमा दिनानुदिन तिव्रगतिमा फैलिईरहेको सन्दर्भमा यस नगरपालिकाबाट बन्दाबन्दीको सूचना जारी गरिएको व्यहोरा यस नगरपालिका अन्तर्गत कार्यक्षेत्र भएका बैंक, सहकारी, लघुवित्त लगायतका वित्तीय संस्थाहरुलाई समेत अवगत नै छ । उक्त बन्दाबन्दीको समयावधि मिति ०७७/०५/१४ गते बसेको नगरस्तरीय Covid Crisis Mangement Centre (CCMC) को बैठकले ०७७/०५/२० गते राती १२:०० बजेसम्म थप गर्ने निर्णय गरेको र सो को सूचना यस नगरपालिकाले ०७७/०५/१४ गते नै जारी गरिसकेको अवस्थामा उच्च जोखिमयुक्त क्षेत्रका रुपमा रहेका कतिपय बैंक, सहकारी तथा लघुवित्त सम्बन्धी कारोवार गर्ने वित्तीय संस्थाहरुले आफ्ना कार्यालय खोली जनशक्ति परिचालन गरी नगद कारोवार र बचत एवं लघुवित्त संस्थाहरुले गाउँ गाउँमा समेत कारोवार गरिरहेको अनुगमनको क्रममा पाइएकोले तत्काल त्यस्ता कार्यहरु रोकी नगरपालिकाको निर्णयानुसार अर्को सूचना नभए सम्मका लागि बन्द गरी कोभिड महामारीको यस विषम परिस्थितिमा आफू सुरक्षित रहन र समाजलाई समेत सुरक्षित राख्ने कार्यमा सहयोग पुऱ्याउनु हुन सम्पूर्ण बैंक, सहकारी तथा वित्तीय संस्थाहरुलाई तिलोत्तमा नगरपालिका यसै सूचनाद्वारा हार्दिक अनुरोध गर्दछ ।

२०७७/०५/१५

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत



फोन नं : ०७१-५६२९७९, इ-मेलः tilottamamun@gmail.com, वेभसाइटः www.tilottamamun.gov.np